दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १९० | बुटवल | २०८१ असार २३, गते आइतबार | नेपाल संवत ११४४ | Sunday July 07, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परमा हामीलाई सम्भनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# अस्थिर प्रदेश सरकार

**केन्द्रमा सत्ता समिकरण छिटो–छिटो फेरिने प्रवृत्तिको असर प्रदेशलाई परेको छ। केन्द्रमा हुने फेरबदलसगैं प्रदेश सरकार पनि अस्थिर भएका छन्। सरकार अस्थिर हुँदा संघीयता कार्यान्वयन जटिल बन्दै गएको छ।**







**शेरबहादुर केसी**

*बुटवल*

लुम्बिनी प्रदेशको छैठौं मुख्यमन्त्रीमा २३ चैत, २०८० मा माओवादी केन्द्रका नेता जोखबहादुर महरा नियुक्त भए। ११ महिनाअघि आफैँले समर्थन गरेका डिल्ली चौधरीलाई हटाएर मुख्यमन्त्री हुन सफल भएका महराको तीन महिना नपुग्दै दिनगन्ती सुरु भएको छ। २० असारमा सत्ता साझेदार दल एमालेले समर्थन फिर्ता लिएपछि उनी अल्पमतमा परेका छन्। ४ मंसिर, २०७९ मा सम्पन्न प्रदेशसभाको चुनावपछि माओवादी केन्द्रसहितका दलको समर्थनमा एमाले संसदीय दलका नेता लिला गिरी २७ पुषमा मुख्यमन्त्री बने। केन्द्रमा एमालेसहितका दलको समर्थनमा १० पुषमा प्रधानमन्त्री भएका पुष्पकमल दाहालले छोटो समयमै राजनैतिक समीकरण बदलेपछि त्यसको असर प्रदेशको सत्ता समीकरणमा पऱ्यो। माओवादी केन्द्रले साथ छाडेपछि अल्पमतमा परेका गिरी ११ बैशाख, २०८० मा राजीनामा दिन बाध्य भए।

कहिले एमालेसँग टाँसिएर र कहिले कांग्रेससँग लहसिएर सत्ताको स्वाद लिइरहेको माओवादी केन्द्रको केन्द्रीय सत्तामा टिक्ने रणनीतिले प्रदेश सरकारहरु अस्थिर भएका छन्। लुम्बिनी प्रदेशसहित सबै प्रदेशमा केन्द्रको असर परेको छ। सबै प्रदेशमा कुनै दलको स्पष्ट बहुमत नआएकोले दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ। छिटो–छिटो समीकरण बदल्दा प्रदेशमा अस्थिरताको बीउ रोपिएको छ। प्रदेशसभाको चुनाव भएको छोटो समयमै तीन पल्ट सरकार फेरिएको छ। र, तीन जना मुख्यमन्त्री भइसकेका छन्।

८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा एमालेको २९, कांग्रेसको २७, माओवादीको १०, नागरिक उन्मुक्तिको ४, राप्रपाको ४,जसपाको ३, लोसपाको ३, जनमतको ३, राप्रपाको ३, एकीकृत समाजवादीको १, राष्ट्रिय जनमोर्चाको १ र स्वतन्त्रको एक सिट रहेको छ। त्यसमध्ये राप्रपाका एक प्रदेशसभा सदस्य निलम्बनमा परेपछि अहिले प्रदेशसभाको संख्या ८६ कायम छ।

**प्रदेशमा केन्द्रको छायाँ**

२०७९ मंसिरमा भएको चुनावअघि कांग्रेस–माओवादी केन्द्रसहितका पाँच दल सत्ता गठबन्धनमा थिए। उनीहरुले मिलेर चुनावमा उम्मेदवारी दिए। चुनावअघि प्रधानमन्त्री थिए, कांग्रेस नेता शेरबहादुर देउवा। चुनावमा ८९ सिट ल्याएर कांग्रेस ठूलो दल भयो। सत्ताको बलियो सहयात्री माओवादी केन्द्रले अरु चार दलको साथ पाउँदा समेत ३२ सिट ल्याएर तेस्रो भयो। गठबन्धन गरी चुनावमा उम्मेदवारी दिँदा समेत संघीय संसदमा माओवादी कमजोर देखेपछि देउवाले दाहाललाई प्रधानमन्त्री बनाउन आनाकानी गरे।

प्रधानमन्त्री बन्ने दौडमा देउवा बाधक बनेपछि दाहालले एमालेसँग सहकार्यको हात बढाए। नेकपा विभाजनपछि बोली बाराबारकै अवस्थामा रहेका दाहाललाई एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री बनाउलान् भन्ने धेरैलाई सायदै लागेको थियो। अन्ततः १० पुष,२०७९ मा एमालेसहितका दलको समर्थनमा दाहाल प्रधानमन्त्री भए।

» *बाँकी ३ पेजमा*

लुम्बिनीका तराईका जिल्लामा डुबान :

# एक जनाको मृत्यु






**लुम्बिनी संवाददाता**

*बुटवल*

शुक्रबारदेखि परेको अविरल वर्षासँगै बाढी र पहिरोले देशका विभिन्न ठाउँमा क्षति पुऱ्याएको छ। वर्षाका कारण विभिन्न ठाउँमा सडक अवरुद्ध हुने क्रम रोकिएको छैन भने तराईमा बाढीका कारण बस्ती डुबानमा परेका छन्।

यसैबीच लुम्बिनी प्रदेशको दाङमा बाढीमा परी एक जना बेपत्ता भएका छन् भने एक जनाको मृत्यु भएको छ। दर्जनौं घर डुबानमा परेका छन्।

शनिबार बिहान राप्ती नदीमा बगेर राजपुर गाउँपालिकाका एक युवक बेपत्ता भएका छन्। खोलाले ट्र्याक्टर पल्टाउँदा गढवा गाउँपालिकामा एक जनाको मृत्यु भएको छ। दूध बिक्रीका लागि लमही आएका राजपुर गाउँपालिका-२ का १८ वर्षका राजकुमार यादव राप्ती नदीमा बगेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख रामबहादुर केसीले जानकारी दिए।

त्यसैगरी गढवा गाउँपालिका-५ मा गङ्गदी खोलाले रा १ त २१६६ नम्बरको ट्र्याक्टर पल्टाउँदा एक जनाको मृत्यु भएको छ भने दुई जनाको उद्धार गरिएको इलाका प्रहरी कार्यालय गढवाका प्रहरी निरीक्षक कालिका कार्कीले जानकारी दिइन।

खोलाले ट्र्याक्टर पल्टाउँदा सोही ठाउँका ५५ वर्षका छेदीराम चौधरीको मृत्यु भएको हो। लमही नगरपालिका-७ हस्नापुर, राप्ती गाउँपालिका-५ लठ्हवाका दर्जनौं घर डुबानमा परेका छन्।

पाल्पाको रिब्दीकोट गाउँपालिका-३ मालमुलमा पहिरोसहित खसेको ढुंगाले घर पुरिएको छ। शुक्रबार राति खसेको ढुंगाले पुरिँदा स्थानीय मीना विकको जस्ताले छाएको एक तले कच्ची घर पूर्णरुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका डीएसपी सुगन्ध श्रेष्ठले बताए।

रामपुर नगरपालिका-९ मधुकोटमा पहिरोले गोठ पुरिँदा पशुचौपाया मरेका छन्। स्थानीय कमलबहादुर साठीघरेको शनिबार बिहान ५ बजे माथिबाट खसेको पहिरोले एक तले कच्ची गोठ पुरिँदा भैंसीको पाडी, २ वटा बाख्राका पाठी र एक वटा खसी पुरिएर मरेको हुन्। गोठ पूर्णरुपमा क्षतीग्रस्त भएको र करिब एक लाख ५० हजार बराबरको क्षती भएको छ।

रम्भा गाउँपालिका-२ फोक्सिङकोटमा सुकेको ठुंटेपिपलको रुख ढल्दा रम्भा २ फोक्सिङ्गकोटको निर्माणाधीन वडा कार्यालय भवनमा क्षती पुगेको छ। कामदार रम्भा ३ घोडसिङका १९ वर्षीय शिव गाहा र डोजर अप्रेटर इन्द्र रानाको टाउको र अनुहारमा चोट लागेको छ। घाइतेहरुको स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको छ।

गुल्मीको रुरुक्षेत्र गाउँपालिका ३ स्थित थोर्गाको ठाँटीमा पहिरोमा पुरिएकी महिलालाई जीवितै उद्धार गरिएको छ। घर माथिबाट अचानक पहिरो जाँदा पुरिएकी रुरुक्षेत्र-३ की उजेली विकलाई तत्कालै जीवितै उद्धार गरिएको रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले जानकारी दिए।

» *बाँकी ३ पेजमा*

# युएसएडको आउटरिच क्याम्पियन बुटवलमा सम्पन्न



बुटवल। अमेरिकाको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसएड) को “युएसएड लर्निङ फर डेभलपमेन्ट आउटरिच क्याम्पियन” को दोस्रो दिन बुटवलमा साँस्कृतिकसहित भव्य कार्यक्रम सम्पन्न भएको छ।

शनिबार आयोजित कार्यक्रममा कलाकारहरू कालिप्रसाद बाँस्कोटा, तुष्णा गुरुङ एन्ड कोल्याब, राजनराज शिवाकोटा, अफस्न अली, सम्झना रणपाललगायतले प्रस्तुति दिएका थिए। सोही कार्यक्रममा कुटुम्व ब्यान्डको समेत प्रस्तुति रहेको थियो।

नेपालको समृद्धिका लागि भइरहेको योगदान तथा पहलबारे जानकारी दिन युसएडले शुक्रबारदेखि लुम्बिनी प्रदेशका विभिन्न स्थानमा एसएड यात्रा सुरु गरेको छ।

यात्रामा साँस्कृतिक कार्यक्रमको अलवा पेन्टिङलगायत विभिन्न खेलकुद प्रतियोगिता हुने गरेका छन् भने युसएडले नेपालमा गरिरहेको सहयोगबारे पनि जानकारी दिने गरिएको छ। युएसएडले लुम्बिनी प्रदेशका सबै जिल्लाहरूमा स्वास्थ्य, शिक्षा, आर्थिक वृद्धि, वातावरण तथा उत्थानशीलता, लोकतन्त्र, अधिकार र सुशासनका क्षेत्रहरूमा राष्ट्रिय र स्थानीयस्तरका २० भन्दा बढी सक्रिय परियोजनाहरू सञ्चालन गरिरहेको छ।

युएसएड यात्राको पहिलो कार्यक्रम कपिलवस्तु, वाणगंगाको शिवपुरबाट सुरु गरिएको थियो भने बुटवलपछि लमही, कोहलपुर तथा नेपालगञ्ज हुँदै काठमाडौंमा पुगेर समापन हुनेछ।

# प्यूठानको ड्रागन दिल्लीसम्म निर्यात



**राधिका भुसाल**

*प्यूठान*

हरियाली झिमरुक फाँटको बीचमा ठडिएका खम्बाहरुले प्रायः सबैको ध्यान केन्द्रित गर्ने गर्दछ। बिजुवार-बाग्दुला सडकखण्ड हुँदै हिंड्ने जो कोहीको पनि झट्ट नजर जाने ठाउँ बनेको छ, गाजुरी। इशान एग्रो फर्ममा उत्पादित ड्रागन फ्रुटले मन लगाएर मेहनत गरेपछि सफलता हात पार्न सकिन्छ भन्ने सन्देश समेत दिएको छ।

प्यूठान नगरपालिका-७ गाजुरीमा सञ्चालित इशान एग्रो फर्म ड्रागन उत्पादनमा जिल्लाको ठूलो फर्मको रुपमा स्थापित भएको छ। दुईजना युवाले साझेदारीमा ८० लाख लगानीबाट ड्रागन खेती सुरु गरेका थिए। प्यूठान नगरपालिका ४ निवासी नविनकुमार श्रेष्ठ र लोकबहादुर गुरुङले २०७७ सालमा फर्म सञ्चालन गर्ने योजना बनाई लगानी सुरु गरेका थिए। ‘हामीले काठमाडौंमा लेयर्स कुखुरा फर्म सञ्चालन गरेका थियौं,’ सञ्चालक नविन कुमार श्रेष्ठले भने-‘तीन वर्षमै जग्गा भाडाको समयावधी सकियो र जग्गा दाताले थप्न मानेनन्। त्यस लगत्तै हामी आफ्नै गृह जिल्ला प्यूठान आएर व्यवसायिक ड्रागन खेती गर्ने योजना बनायौं।’ १५ रोपनी आफ्नै जमिन र १० रोपनी जग्गा बन्धगी लिएर एग्रो फर्म सञ्चालनका लागि भौतिक संरचनाहरु तयार गरेको श्रेष्ठले बताए। १५ रोपनी जमिनमा ड्रागन खेती मात्र गरेको सुनाउँदै साँच्चिकै मन लगाएर दृढताका साथ काम गर्ने हो भने कृषि कर्मले शरीर र मनलाई समेत आनन्दित बनाउने उनी बताउँछन्।

**९० क्वीन्टल ड्रागन बिक्री गर्दै**

यस सिजनको ड्रागन फल तयार भएसँगै इशान एग्रो फर्मले ९० क्वीन्टल ड्रागन बिक्री गर्ने लक्ष्य लिएको छ। ‘पहिलो चरणको करिब ६ क्वीन्टल ड्रागन बजारमा गइसक्यो,’ सञ्चालक श्रेष्ठले भने-‘मौसमको कारण अहिले उत्पादन अलि घट्ने भएकोले ९० क्वीन्टल जति बजार लैजान्छौ होला।’

उनका अनुसार थोक प्रतिकेजी चार सय रुपैयाँ र खुद्रा चार सय ५० रुपैयाँ मूल्य निर्धारण गरिएको छ। बिरुवा लगाएको डेढ वर्षपछि उत्पादन दिन थालेको ड्रागन फलबाट यस वर्ष ४३ लाख बराबरको बिक्री गर्ने अनुमान रहेको उनले बताए।

सुरुवातमा १२ लाख र गत वर्ष ३८ लाखको ड्रागन बिक्री गरेको श्रेष्ठको भनाइ छ।

» *बाँकी ३ पेजमा*



२०८१ असार २३, गते आइतबार
Sunday July 07, 2024

दैनिक लुम्बिनी

## सम्पादकीय

# प्रगतिनगर खानेपानीमा मनपरी रोक

बुटवल उप-महानगरपालिका–११ प्रगतिनगरस्थित प्रगतिनगर खानेपानी उपभोक्ता संस्थाको साधारणसभा नभएको डेढ दशक भएको छ। कुनै पनि संस्थाको अधिवेशन र साधारणसभा नियमित हुँदैन भने संस्था राम्रोसँग चल्न सक्तैन्। साधारणसभा र अधिवेशन भनेको आम उपभोक्ता र सदस्यले आफ्नो राय सुझाव राख्ने र नेतृत्वलाई खबरदारी गर्ने थलो हो। नेतृत्वमा बसेकाले राम्रो गरेको भए अझैं राम्रो गर्नका लागि वातावरण बनाउने र कमजोरी गरेको भए सुधार गरी संस्थागत सुशासन बढाउने काम साधारणसभा तथा अधिवेशनले गर्छ। तर लामो समयसम्म साधारणसभा नभएकाले प्रगतिनगर खानेपानी संस्थामा संस्थागत सुशासनको अभाव छ भन्ने प्रष्ट भएको छ।

२ हजार ६ सय ४५ घरधुरी उपभोक्ता भएको प्रगतिनगर खानेपानी संस्थामा लामो समयसम्म साधारणसभा हुन नसक्नु नेतृत्वको मात्रै कमजोरी होइन्, खानेपानी संस्थाका सदस्यले बेलैमा खबरदारी नगर्दा नै नेतृत्वले साधारणसभा गर्न वास्ता गरेन। लामो समयसम्म साधारणसभा नगर्नु गैरकानुनी काम हो। विधानअनुसार निश्चित समयभित्र अधिवेशन र साधारण सभा गर्नुपर्छ। लामो समयसम्म साधारणसभा नहुँदा बेवास्ता गर्ने उपभोक्ताको कमजोरीले नेतृत्वले मनपरी गर्न पाएको देखिन्छ। संस्थाको साधारणसभा २०६४ साल भदौ १५ गते साधारणसभा भएपछि अहिलेसम्म साधारणसभा गर्न नेतृत्वले चासो नदिनुले संस्थाभित्र अनियमितताका विषयहरु पनि रहेको बताइन्छ। लामो समयसम्म साधारणसभा किन हुन सकेन् ? के–के कमजोरी भए भन्ने बारेमा छानविन हुनुपर्छ। अपारदर्शी काम भएको भए त्यसलाई रोक्ने गरी योजना बनाएर अघि बढ्नुपर्छ। खानेपानी संस्था सबै सदस्यको भएकाले निश्चित व्यक्तिको सम्पत्तिझैं मनपरी गर्ने छुट कसैलाई छैन। अहिले बल्ल उपभोक्ता सदस्यहरुले साधारणसभा नभएको भन्दै खानेपानी डिभिजन कार्यालय, उप-महानगरपालिका, जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र दिएर दबाब दिएका छन्।

नगरभित्रको संस्थामा साधारणसभा नभएको विषय उप-महानगरपालिकासहित सरोकारवाला सबै कार्यालयको चासो पुग्नुपर्छ। प्रगतिनगर खानेपानी संस्थाझैं साधारणसभा तथा अधिवेशन नभएका अरु संस्था पनि हुनसक्छन्। त्यस्ता संस्थाको साधारणसभा तथा अधिवेशन विधानअनुसार गर्न निर्देशन दिने र नगर्नेलाई कानुनअनुसार कारबाहीको दायरामा ल्याउने काम जिल्ला प्रशासन कार्यालयको हो।

# बलियो विकल्प प्राविधिक शिक्षा



सूर्यप्रसाद पाण्डे

*मुलुकमा सञ्चालित शैक्षिक संस्थामा अहिले प्राविधिक उच्च शिक्षाअन्तर्गत चिकित्सा, इञ्जिनियरिङ, कृषि तथा वन, खाद्यप्रविधि, सूचना तथा सञ्चार विज्ञान तथा प्रविधि जस्ता विषयको पढाइ भइरहेको छ। मुलुकमा अहिले कृषि तथा वन विश्वविद्यालयबाहेक अरू प्राविधिक उच्च शिक्षाका लागि विशिष्टीकृत प्राविधिक विश्वविद्यालय छैनन्। भएका केही विश्वविद्यालयले प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन्।*



शक्षण सिकाइका लागि उपयुक्त प्रविधिमैत्री कक्षाकोठा, सिप सिक्न आवश्यक सामग्रीसहितको प्रयोगशाला, वास्तविक जीवनमा आवश्यक पर्ने व्यावसायिक सीप आर्जनका लागि वास्तविक अभ्यास, विद्यार्थी तथा प्रशिक्षकको सन्तुलित अनुपात, निश्चित कोटामा विद्यार्थी भर्ना गर्ने स्वीकृति आदि प्राविधिक शिक्षाका विशिष्ट पक्ष हुन्। यिनै विविध पक्षका कारण प्राविधिक शिक्षा सामान्य धारका शिक्षाभन्दा फरक र बढी लागतयुक्त पनि हुन्छ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) पछि शिक्षा लिन चाहने विद्यार्थीका लागि सामान्य धारपछि प्राविधिक धारको शिक्षा राम्रो विकल्प बन्ने गरेको छ। मुलुकमा बेरोजगार नागरिकको संख्यामा बर्सेनि वृद्धि हुँदै जाँदा गरिखाने शिक्षाका रूपमा प्राविधिक धारको शिक्षालाई लिने गरिएको छ। पढाइ सकिएपछि तत्काल रोजगारीमा जान सकिने हुनाले यस क्षेत्रतर्फ विद्यार्थी आकर्षण बढ्दो क्रममा छ।

पछिल्ला दिनमा नेपालमा पनि प्राविधिक शिक्षाको विकास र विस्तारमा तीव्रता आएको पाइन्छ। आर्थिक वर्ष २०८०/०८१ देखि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गतका आङ्गिक प्राविधिक शिक्षालय प्रदेश सरकार मातहत हस्तान्तरण गरेपछि स्थानीय तहसमेतको साझेदारीमा शिक्षण संस्था सञ्चालनको नीति ल्याइएको छ। त्यस्तै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सामुदायिक विद्यालयमा कक्षा ९-१२ का लागि प्राविधिक धारसमेत सञ्चालन गर्दै आएको छ।

ज्ञानलाई सीपसँग, सीपलाई श्रम, उत्पादन, रोजगारी र बजारसँग जोडी जीवनलाई आर्थिक समृद्धिसँग तथा आर्थिक समृद्धिलाई जीवनको गुणस्तरसम्म जोड्ने शिक्षाका रूपमा प्राविधिक शिक्षालाई अर्थ्याउने गरिएको छ। रोजगारीको खोजी मात्रै नगरी आफैं सिर्जना गर्न सिकाउने हुनाले प्राविधिक शिक्षाको शिक्षण सिकाइ प्रक्रिया अन्यभन्दा पनि विशिष्ट प्रकारको रहेको यस क्षेत्रका जानकारको भनाइ छ।

सिटिइभिटीका सदस्यसचिव महेश भट्टराईले अन्य विषयको तुलनामा प्राविधिक धारको पढाइ रोजगारमुखी हुने बताउनुहुन्छ। उहाँका अनुसार प्राविधिक शिक्षा पढाइ सकेका विद्यार्थीमध्ये ८० प्रतिशत रोजगारीमा रहेका छन्।

मुलुकमा सञ्चालित शैक्षिक संस्थामा अहिले प्राविधिक उच्च शिक्षाअन्तर्गत चिकित्सा, इञ्जिनियरिङ, कृषि तथा वन, खाद्यप्रविधि, सूचना तथा सञ्चार विज्ञान तथा प्रविधि जस्ता विषयको पढाइ भइरहेको छ। मुलुकमा अहिले कृषि तथा वन विश्वविद्यालयबाहेक अरू प्राविधिक उच्च शिक्षाका लागि विशिष्टीकृत प्राविधिक विश्वविद्यालय छैनन्। भएका केही विश्वविद्यालयले प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन्। फोरम फर हेल्थ एन्ड टेक्निकल साइन्सका महासचिव निर्मल सापकोटा पनि प्राविधिक शिक्षामा आकर्षण र अवसर रहेको बताउनुहुन्छ। राज्यले यस धारका शिक्षालाई अझ प्राथमिकता दिनुपर्ने सापकोटाको भनाइ छ। देशको समृद्धि र आर्थिक तथा सामाजिक परिवर्तनको सोँच राख्ने मान्छेले यो शिक्षा पढ्न जरुरी रहेको यस क्षेत्रका जानकारहरूको विश्लेषण रहने गरेको छ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) को भर्खरै नतिजा सार्वजनिक भएको छ। सापकोटा भन्नुहुन्छ-"प्राविधिक शिक्षा पढ्ने उच्च चाहना भएका लाखौं विद्यार्थीलाई आफ्नो रुचि अनुसार कृषि, स्वास्थ्य, इञ्जिनियरिङ र होटेल व्यवस्थापनमा पढाइ हुन्छ सिटिइभिटीमा। प्राविधिक शिक्षा लिएर मुलुक निर्माणको अभियानमा सहयोग गर्न प्राविधिक शिक्षा लिएर पढ्न आउन अनुरोध गर्दछु।"

विश्वविद्यालयबाहेक मुलुकमा छ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि स्वास्थ्य मन्त्रालयअन्तर्गत रहेर स्वास्थ्य शिक्षाका जनशक्ति उत्पादन गरिरहेका छन्। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) का अनुसार समग्र उच्च शिक्षाको २० प्रतिशत विद्यार्थीले प्राविधिक उच्च शिक्षा अध्ययन गरिरहेका छन् तर पनि सबै शिक्षालयको भर्ना क्षमताअनुसार विद्यार्थी भर्ना भएको पाइँदैन।

शिक्षामार्फत् सिपलाई जीवनको गुणस्तरसँग जोड्न विशेष रुचियुक्त विद्यार्थी, सीप शिक्षणमा निपुण र दक्ष प्रशिक्षक आवश्यक पर्छ। शिक्षण सिकाइका लागि उपयुक्त प्रविधिमैत्री कक्षाकोठा, सीप सिक्न आवश्यक सामग्रीसहितको प्रयोगशाला, वास्तविक जीवनमा आवश्यक पर्ने व्यावसायिक सिप आर्जनका लागि वास्तविक अभ्यास, विद्यार्थी तथा प्रशिक्षकको सन्तुलित अनुपात, निश्चित कोटामा विद्यार्थी भर्ना गर्ने स्वीकृति आदि प्राविधिक शिक्षाका विशिष्ट पक्ष हुन्। यिनै विविध पक्षका कारण प्राविधिक शिक्षा सामान्य धारका शिक्षाभन्दा फरक र बढी लागतयुक्त पनि हुन्छ।

नेपालको प्राविधिक शिक्षाको पढाइ २०३७ सालबाट सुरु भएको हो। त्यतिखेर कर्णाली प्राविधिक शिक्षालय जुम्लाबाट यसको सुरुवात भएको थियो। २०४५ बाट स्वायत्तता प्राप्त गर्दै सिटिइभिटीको स्थापना भएको हो। यो पढ्नका लागि नभई सिक्न र जीवन पढ्नका लागि पढिने शिक्षा हो। यो प्रयोगात्मक शिक्षा हो जुन आफ्नै हातले केही गर्नु पर्छ प्राविधिक शिक्षा पढेर होइन सिकेर पढ्नु पर्ने हुन्छ। यो तालिम होइन जो देशका लागि प्राविधिक स्रोत र साधनको अधिकतम उपयोग गर्दै आधारभूत तथा दक्ष जनशक्ति उत्पादन गर्नु यसको उद्देश्य हो।

पछिल्लो तथ्याङ्कअनुसार परिषद्अन्तर्गत आङ्गिक, साझेदारी, निजी, तथा सामुदायिक शिक्षालयसमेत गरेर मुलुकभर एक हजार १६९ वटा शिक्षालय सञ्चालनमा छन्। यी सबै शिक्षालयमा समेत गरेर प्रतिवर्ष ८६ हजार आठ सय १३ जना विद्यार्थी क्षमता रहेको छ।

सातै प्रदेशमा आङ्गिक शिक्षालय छन्। सात प्रदेशमा गरेर कुल ६० वटा शिक्षालय आङ्गिक छन्। जसमध्ये सबैभन्दा धेरै बागमती प्रदेशमा १८ वटा आङ्गिक शिक्षालय सञ्चालनमा रहेको परिषद्ले जनाएको छ। कोशी प्रदेशमा सात वटा, मधेश प्रदेशमा आठ वटा, गण्डकी प्रदेशमा १२ वटा, लुम्बिनी प्रदेशमा नौ वटा, कर्णाली प्रदेशमा चार वटा तथा सुदूरपश्चिम प्रदेशमा छ वटा आङ्गिक शिक्षालय सञ्चालनमा छन्।

एसईईपछि पढाइ हुने तीनवर्षे डिप्लोमा तहअन्तर्गत कृषि, इञ्जिनियरिङ, हेल्थ, वन, हस्पिटालिटी तथा व्यवस्थापन तथा मानविकीसँग सम्बन्धित थुप्रै पाठ्यक्रम परिषद्ले बनाएको छ। जसमध्ये सबैभन्दा धेरै इञ्जिनियरिङअन्तर्गत १७ वटा, हेल्थअन्तर्गत १६ वटा, कृषिअन्तर्गत सात वटा तथा मानविकी तथा व्यवस्थापनअन्तर्गत छ वटा पाठ्यक्रम निर्माण भएका छन्। वन र हस्पिटालिटीअन्तर्गत एक/एक वटा मात्रै कार्यक्रम सञ्चालनमा छन्।

त य स बा ह े क प्रि-डिप्लोमा अन्तर्गत १८ महिने शैक्षिक कार्यक्रम पनि परिषद्ले सञ्चालन गर्दै आएको छ। यस कार्यक्रमअन्तर्गत कृषि, वन, इञ्जिनियरिङलगायतमा समेत गरेर ३३ वटा पाठ्यक्रम निर्माण भएका छन्। साथै परिषद्ले विभिन्न सीपमूलक तालिम लिएका जनशक्तिको प्रमाणीकरणको काम पनि परिषद्ले गर्दै आएको छ। यसअन्तर्गत चार तहसम्मको सिप परीक्षण हुने गरेको छ।

२०७१ सालमा समायोजन गरिएको शुल्क अनुसार अहिले नर्सिङ विषयको पढाइ पूरा गर्न चार लाख ७५ हजार रुपियाँ लाग्छ। त्यस्तै पिसिएल जनरल मेडिसिनको अध्ययन पूरा गर्न चार लाख चार हजार तथा डिप्लोमा इन फार्मेसीका लागि तीन लाख ३७ हजार पाँच सय रुपियाँ तोकिएको छ। गरिब र जेहेनदार विद्यार्थीका लागि छात्रवृत्तिको समेत व्यवस्था छ। सिटिइभिटीले निर्धारण गरेको कुल विद्यार्थी भर्ना कोटाको १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिमा पढाउनुपर्ने हुन्छ।

एक दशकदेखि एकै शुल्कमा पढाइरहनु परेको भन्दै शिक्षालय सञ्चालकले उक्त शुल्कमा वृद्धि गरिनुपर्ने माग गर्दै आएका छन्। १० वर्षको अवधिमा मूल्य वृद्धि तथा राज्यले प्राविधिक शिक्षालय सञ्चालकसँग लिने शुल्कमा समेत भारी वृद्धि भएका कारण पनि पढाइ शुल्क बढाउनुपर्ने आवाज सञ्चालकले उठाएका हुन्। गोपबाट

# कपालमा चाया किन पर्छ ?

प्रा. डा. सविना भट्टराई
छाला तथा कस्मेटिक सर्जन



झट्ट टाढाबाट हेर्दा कपाल राम्रो छ। तर नजिकबाट हेर्दा सेताम्मै चाया देखिन्छ। चायाले टाउको पनि अत्याधिक चिलाउने समस्याले पनि सताउँछ। यिनै समस्याले गर्दा अरूको छेउमा पर्न पनि हिच्किचाहट हुनसक्छ। र, घरबाट बाहिर निस्कन संकोच लाग्छ। यसले मानसिक रूपमा लज्जाबोध त गराउँछ नै, शारीरिक रूपमा पनि असर गर्छ। तर यो समस्या हुँदैमा आत्तिनु पर्दैन। समयमा उपचार गरे यसलाई व्यवस्थापन गर्न सकिन्छ।

**चाया पर्ने समस्यालाई कसरी बुझ्ने ?**

यो एक किसिमको फंगल इन्फेक्सनबाट लाग्ने समस्या हो। सरल भाषामा भन्दा यो एकप्रकारको ढुसी हो, जुन म्यालसेसिया फरफर नामक जीवाणुको कारण लाग्छ।

हाम्रो टाउकोमा छाला क्षति हुने र नयाँ पैदा हुने क्रम निरन्तर चलिरहन्छ। यसरी टाउकोमा छाला मर्ने र नयाँ पैदा हुने क्रम चलिरहँदा टाउकोमा सेता, मसिना, फुस्रा दाग र धुलो देखिन थाल्छन्। जसलाई चाया भनिन्छ।

**कस्तो अवस्थामा पर्छ चाया ?**

सामान्यतया चाया जुनसुकै उमेरमा देखिन सक्छ। बच्चाहरूमा आमामा हुने हर्मोनल गडबडीका कारण नौ महिनाभित्र देखा पर्छ। जुन बच्चाको टाउकोको अघिल्लो भागमा पाप्राको रूपमा रहेर बसेको हुन्छ।

युवावस्थामा भने यो विभिन्न स्वास्थ्य समस्याका कारण देखा पर्न सक्छ।

**कारण**

चाया पर्नुमा हार्मोनल परिवर्तन, सरसफाइको कमी, कपालमा बढी चिल्लोपन आउनु वा अत्याधिक सुक्खा हुनु जस्ता कारण जिम्मेवार हुन्छन्। यसैगरी टाउको अत्याधिक पसिनाले भिज्दा, नुहाउने बित्तिकै धेरै समय कपाल रुमालमा गुटमुटाएर राख्ने वा धेरै हेलमेटभित्र गुम्सिने गरेमा, बढी धुलोधुवाँमा र फोहोरमा बस्नु, पाकिन्सन्स रोग, एक्जिमा जस्ता स्वास्थ्य समस्याका कारण चाया पर्छ।

**चायाको समस्याबाट छुट्कारा कसरी पाउने ?**

हाम्रो शरीर र कपालमा एउटै फङ्गसका कारण चाया पर्ने हुँदा कतिपय अवस्थामा यो अत्याधिक मात्रामा बढी भई शरीरभरि नै फैलिन सक्छ।

यस्तो अवस्थामा चायाले कतिको भाग ओगटेको छ। र, यसले कतिको असर पारेको छ भन्ने कुरा ध्यानमा राखेर औषधि उपचार गर्नुपर्छ।

त्यसका लागि सबैभन्दा पहिला चिल्लोपना बढी भएको ठाउँमा फस्टाउने हुँदा बढी चिल्लो आउने कपालमा तेल हाल्न कम गर्नुपर्छ। चाया परेको बेलामा कपालमा तेल लगाउनै हुँदैन। र, कपालको सरसफाइमा ध्यान दिनुपर्छ।

चाया प्रतिरोधात्मक शक्ति भएका किटोपनाजोल र किम्बाजोल जस्ता स्याम्पु तथा औषधिहरू पनि प्रभावकारी हुनसक्छन्, जुन चिकित्सकको सल्लाहमा मात्र लिनुपर्छ।

यी स्याम्पुमा जिङ्क पैरिथियोन, केटाकोनाजोल नामक फङ्गस नाशक औषधि, पाप्रा बन्न नदिने कोल टार, सेलिसैलिक एसिडजस्ता औषधि राखिएको हुन्छ। जुन चिकित्सकको सल्लाहमा लगाउन सकिन्छ। यी उत्पादन कति पटक प्रयोग गर्ने भन्ने कुरा चाया कति मात्रामा पर्छ भन्ने कुरामा पनि भर पर्छ।

हप्तामा दुई पटक एन्टिड्यान्ड्रफ स्याम्पुको प्रयोग गर्दा पनि चाया गइरहेको छैन भने अझ सक्रिय स्याम्पुको प्रयोग गर्न चिकित्सकहरू सुझाव दिन्छन्। यी स्याम्पु प्रयोग गर्दा तालुमा लगाएर एकछिन मसाज गरेर मात्र पखाल्नुपर्छ।

तर यस्ता औषधिले पनि ठीक भएन, चायाले सतायो वा चायाका कारण चिलाएको ठाउँ रातो देखिन गई त्यहाँको छाला जान थालेको अवस्थामा तुरुन्त अस्पताल गई सम्बन्धित चिकित्सकसँग सम्पर्क गरी परीक्षण र थप उपचार आवश्यक हुनसक्छ।

चायाबाट बच्न अत्याधिक धुलोधुवाँ भएको वातावरणबाट जोगिनुपर्छ। यदि त्यस्तो वातावरणमा हिंड्नैपर्ने भए टाउको तथा शरीर पूरा ढाकिने कपडा लगाउनुपर्छ। साथै, पर्याप्त पौष्टिक तथा भिटामिनयुक्त खानेकुरा खानुपर्छ।

त्यस्तै, शारीरिक व्यायाम गर्दा कपालमा धेरै पसिना आउँछ भने दैनिक हल्का खालको स्याम्पुले नुहाउन सकिन्छ।

# लुम्बिनी वाणिज्य क्याम्पस अध्यक्षमा श्रेष्ठ



बुटवल । मानित विश्वविद्यालयको रुपमा अगाडि बढेको बुटवलको लुम्बिनी वाणिज्य क्याम्पस सञ्चालक समिति अध्यक्षमा सुरेन्द्रप्रसाद श्रेष्ठ निर्वाचित भएका छन् ।

शनिबार सम्पन्न क्याम्पसको १४औं क्याम्पस सभाबाट सञ्चालक समितिको अध्यक्षमा बुटवल उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष श्रेष्ठ सर्वसम्मत निर्वाचित भएका हुन् ।

अध्यक्षमा निर्वाचित श्रेष्ठ यस अगाडि क्याम्पस सञ्चालक समितिको उपाध्यक्ष थिए । त्यस्तै निवर्तमान अध्यक्षमा मोतिलाल पाण्डे रहेका छन् । त्यसैगरी क्याम्पस सञ्चालक समितिको सदस्यहरुमा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्याल, संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजू, बुटवल ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्री, त्रि.वि. प्रतिनिधि डा. अरुणकुमार क्षेत्री, प्राध्यापक संघ इकाई समिति अध्यक्ष धनबहादुर पुन (थापा), संस्थापक महेश्वरप्रसाद श्रेष्ठ, पूर्व क्याम्पस प्रमुख राजेन्द्रप्रसाद बनतालाई सर्वसम्मत चयन गरिएको हो । त्यसैगरी सञ्चालक समितिको सदस्य सचिवमा क्याम्पस प्रमुख प्राडा ताराप्रसाद उपाध्याय ज्ञवाली रहेका छन् ।

# विद्यार्थी स्वागत तथा पूर्व प्रशिक्षक सम्मान

बुटवल । बुटवल ९ मा रहेको सिद्धार्थ पोलिटेक्निकल कलेज तथा जीवराज आश्रित स्मृति शैक्षिक केन्द्रमा नयाँ विद्यार्थीहरुलाई स्वागत तथा पूर्व प्रशिक्षक सम्मान गरिएको छ । सीटीइभिटीबाट मान्यताप्राप्त कलेज र केन्द्रले शनिबार एक समारोहका बीच प्रथम वर्षमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई स्वागत गरिएको हो ।

कार्यक्रममा बोल्दै सीटीइभिटी लुम्बिनी प्रदेश निर्देशक गोपाल आचार्यले प्राविधिक धारतर्फ नेपालमा ठूलो सम्भावना रहेको बताए । उनले प्राविधिक विषय रोजेर पढ्ने विद्यार्थीहरु कोही पनि बेरोजगार भएर बस्नु नपर्ने दाबी गरे ।

संस्थाका अध्यक्ष अरबिन्द आचार्यले कलेज धेरै विद्यार्थीको रोजाइमा परेको बताए । उनले प्राविधिक शिक्षालाई राज्यबाट समय-समयमा विभिन्न अफ्ठ्याराहरु सृजना हुँदै आएको बताउँदै त्यसको अन्त्य हुनुपर्ने भनाइ राखेका थिए ।

कार्यक्रममा बोल्दै निजी प्राविधिक शिक्षालयका केन्द्रीय सदस्य डीपी खनालले राज्यले दिएको नीति पूरा गर्न प्राविधिक शिक्षा अपरिहार्य रहेको उल्लेख गरे ।

तुराङ बहु प्राविधिक शिक्षालयका प्रिन्सीपल प्रदीप आचार्यले प्राविधिक शिक्षा अहिलेको आवश्यकता रहेको उल्लेख गरे ।

कलेजमा सिद्धार्थ पोलिटेक्निकल कलेजमामा हेल्थ असिस्टेन्ट, ल्याब टेक्निसियन, रेडियोथेरापी र सिभिल सब अभरसियर कार्यक्रम चलिरहेको छन् ।

यस्तै जीवराज आश्रित स्मृति शैक्षिक केन्द्रमा सिभिल इञ्जिनियरिङ, हाईड्रोपावर इञ्जिनियरिङ, जियोमेट्रिक इञ्जिनियरिङ, बायोमेट्रिक इञ्जिनियरिङ र फार्मेसी कार्यक्रमहरु डिप्लोमा तहमा सञ्चालन रहेको छ ।

क्याम्पस प्रमुख अञ्जना पन्थीले स्वागत गरेको कार्यक्रममा कलाकार योगराज पोखेलगायतले विभिन्न साँस्कृतिक कार्यक्रममार्फत् मनोरञ्जन प्रदान गरेका थिए ।

# परिवार नियोजन संघ पाल्पाको २२औँ साधारणसभा




कृष्ण पोखरेल

*पाल्पा*

नेपाल परिवार नियोजन संघ पाल्पाको २२औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभालाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले अहिले सर्नेभन्दा नसर्ने रोगको कारण मानिसको स्वास्थ्य स्थिति भयावह बन्दै गएकोमा नियन्त्रणको लागि परिवार नियोजन संघ पाल्पाको भूमिका महत्वपूर्ण रहेको बताए । समन्वय प्रमुख खनालले परिवार नियोजन संघबाट महिला, मातृशिशु, प्रजनन् स्वास्थ्यको विषयमा गाउँ-गाउँमा पुगेर सेवा दिँदै आएको जनाए । सरकारीस्तरबाट गर्ने सेवा परिवार निजोजन संघ पाल्पाबाट हुँदै आएको र आगामी दिनमा पनि सेवालाई गाउँस्तरसम्म निरन्तरता दिन समन्वय प्रमुख खनालले जोड दिए ।

साधारणसभामा तानसेन नगरपालिका वडा नं ६ का वडाध्यक्ष सागरमान महर्जनले महिलाको प्रजन् स्वास्थ्यमा परिवार नियोजन संघबाट गुणस्तरीय सेवा प्रदान हुँदै आएको बताए । महिलाको प्रजनन् स्वास्थ्यसँग जोडिने हरेक किसिमका उपचार, परामर्श तथा रोकथामका विषयमा कार्यालयबाट नियमित सेवा प्रदान भइरहेको वडाध्यक्ष महर्जनले बताए ।

कार्यक्रममा संस्थाका सल्लाहकार चित्रवलीराम सुवालले संस्थाले विगत समयदेखि परिवार व्यवस्थापनको क्षेत्रमा गाउँ-गाउँमा पुगेर सेवा प्रदान गर्दै आएको बताए । संस्थाका सल्लाहकार बुद्धिप्रसाद शर्माले परिवारमा सबैभन्दा आमा स्वस्थ हुनुपर्ने, आमा स्वस्थ भएमात्र बच्चा स्वस्थ हुने, आमा र बच्चा स्वस्थ भए परिवार नै स्वस्थ बनाउने काम पाल्पा परिवार नियोजन संघले गर्दै आएको स्पष्ट पारे ।

कार्यक्रममा संघका विज्ञ सदस्य पुष्करराज रेग्मी, नेपाल पत्रकार महासंघका कोषाध्यक्ष मुक्ति न्यौपानेलगायतले संघले आफ्नो कार्यक्षेत्रभन्दा माथि उठेर युवा, महिलाको स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमदेखि दुरदराजमा शिविरहरु सञ्चालन, एचआइभीसम्बन्धी उपचार तथा परामर्श सेवालगायत महिलाको स्तन तथा पाठेघर मुखको क्यान्सर परीक्षण जस्ता महत्पूर्ण सेवा जिल्लामै दिँदै आएको जानकारी दिए ।

कार्यक्रममा युवाविज्ञ सदस्य कमल बस्यालले संघले गरेका वार्षिक गतिविधि प्रस्तुत गरेका थिए । संघले चालु आर्थिक वर्षको ४४ लाख ६२ हजार बराबरको बजेट तथा कार्यक्रम प्रस्तुत गरेको थियो । सन २०२३ मा १ करोड ४१ लाख २५ हजार बराबरको आयव्यय विज्ञ सदस्य बस्यालले साधारणसभामा जानकारी गराए । साधारणसभा कार्यवाहक अध्यक्ष माधवप्रसाद अर्यालको अध्यक्षता, विज्ञ सदस्य सूर्यबहादुर कार्कीको स्वागत र सदस्य सिर्जना गैरेको सञ्चालनमा भएको थियो ।

साधारणसभाको अवसरमा संघमा चक्रिय प्रणालीअनुसार निर्वाचित ७ जना सदस्यहरुलाई प्रमुख अतिथि समन्वय प्रमुख टंकनाथ खनाल, वडाध्यक्ष सागरमान महर्जन, कार्यवाहक अध्यक्ष माधव अर्यालले प्रमाणपत्र वितरण गरे । निर्वाचन अधिकृत शिवप्रसाद देवकोटाले पद तथा गोनियताको सपथ खुवाएका थिए । साधारणमा प्रस्तुत वार्षिक तथा आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको थियो ।

**अस्थिर...**

केन्द्रमा कांग्रेस-माओवादी केन्द्रसहितको पाँच दलीय गठबन्धन टुटेपछि त्यसको प्रभाव प्रदेशमा पनि पऱ्यो । सातै प्रदेशमा एमाले–माओवादी केन्द्रसहितका दल मिलेर सरकार बनाए ।

सत्ताका लागि कोल्टे फेर्न सिपालु दाहालले छोटो समयमै १२ फागुन,२०७९ मा पुनः कोल्टे फेरे । अनि उनले कांग्रेससँग सहकार्यको हात बढाए । दाहालको अस्थिर चरित्रले छोटो समयमै प्रदेशमा पनि सरकार फेरियो । दाहालले वर्षदिनपछि २१ फागुन, २०८० मा कांग्रेसलाई छाडेर एमालेलाई अगाँलो हाले । त्यसपछि एमाले–माओवादी केन्द्रसहित अरु साना दल समेत मिलेर सातै प्रदेशमा सरकार फेरियो । सातै प्रदेशमा सरकार फेरिएको तीन महिना नपुग्दै प्रमुख दुई दल कांग्रेस–एमालेबीच राजनैतिक स्थायित्व दिने भन्दै राष्ट्रिय सरकार बनाउने सहमति भयो । यो सहमतिसँगै प्रदेश सरकारमा पुनः खलबल सुरु भएको छ । २० असारको साँझ एमालेबाट सरकारमा सहभागी पाँच मन्त्रीले मुख्यमन्त्री महरालाई राजीनामा बुझाएका छन् । कांग्रेस र एमालेलाई पालैपालो उपयोग गरी सरकारमा टिकिरहने दाहालको रणनीतिलाई असफल पार्न आफूहरु मिलेर मुलुकलाई स्थायित्व दिन खोजेको कांग्रेस-एमाले नेताहरुको भनाइ छ ।

संघीय संसदमा पनि कुनै दलको बहुमत नआउँदा दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ । सत्ता सहयात्री प्रमुख दलबीच खटपट भए समीकरण बदलिने सामान्य झैं भएको छ । केन्द्रमा सरकार फेरिने बित्तिकै त्यसको असर पर्दा प्रदेशको राजनीति पनि अस्थिर भएको छ । केन्द्रको अस्थिरताको प्रभावले अस्तित्व निर्माणको अवस्थामा रहेको प्रदेश संरचनाप्रति अविश्वास बढेको छ । संघीय मामिलाका जानकार डा. खिमलाल देवकोटा केन्द्रमा केही भए त्यसको सिधैं असर प्रदेशमा पर्ने प्रवृत्ति मौलाउँदा समस्या भएको बताउँछन् । 'अस्थिरता हुँदा प्रदेश सरकारले काम गर्नै सकेनन्, छिटो–छिटो सरकार फेरिदा आम नागरिकमा प्रदेश संरचनाप्रति नकारात्मक मनोविज्ञान तयार भएको छ ।'-उनले भने ।

पालिका तहका सरकार पाँच वर्ष ढुक्कले चल्न पाउँछन् । यस तहका जनप्रतिनिधि प्रत्यक्ष निर्वाचित हुने संवैधानिक व्यवस्था भएकाले केन्द्रको अस्थिरताको प्रभावबाट मुक्त छन् । प्रदेश सरकारको गठनको मोडल संघीय सरकारकै मोडल संसदीय व्यवस्था भएकाले प्रत्यक्ष प्रभाव परेको हो ।

३ फागुन, २०७४ मा लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा शंकर पोखरेल नियुक्त भए । पार्टी एकता गर्ने गरी चुनावमा सहकार्य गरेका दुई ठूला वाम पार्टी एमाले र माओवादी केन्द्रबीच पार्टी एकता भई नेपाल कम्युनिष्ट पार्टी नेकपा जन्म्यो । तर त्यो एकता लामो समय टिक्न सकेन् । नेकपाभित्र ओली र दाहालबीचको अन्तरविरोध चर्कंदै जाँदा त्यसको असर देशभरी विस्तार भयो । सर्वोच्च अदालतको आदेशले नेकपा विभाजन भई एमाले–माओवादी केन्द्र अलग भएपछि अगाडि बढ्ने बाटो बदलियो । १९ बैशाख, २०७८ मा राजीनामा दिएका पोखरेल प्रदेशसभामा ठूलो दलको हैसियतले दोस्रोपल्ट मुख्यमन्त्री बन्न सफल भए । दोस्रो पल्ट मुख्यमन्त्री बनेको चार महिना नपुग्दै पोखरेल २७ साउन, २०७८ मा राजीनामा दिन बाध्य भए ।

एमालेबाट अलग भएको माओवादी केन्द्र संसदीय दलका नेता कुलप्रसाद केसी २८ साउन, २०७८ मा मुख्यमन्त्री भए । संविधान बनेपछि भएको प्रदेशसभाको पहिलो चुनावपछिको पाँच वर्षे कार्यकाल दोस्रो कार्यकालको तुलनामा अस्थिरता कम भयो । तीन वर्ष ढुक्कले पोखरेल मुख्यमन्त्री भए । त्यसपछि केही महिना अस्थिरताकै बीच मुख्यमन्त्री भए पनि अन्ततः राजीनामा दिएपछि माओवादी केन्द्रका केसी मुख्यमन्त्री भए । दोस्रो कार्यकालको दुई वर्ष गुज्रदै गर्दा तीन मुख्यमन्त्री भइसकेका छन् । एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछिसरकार अल्पमतमा परेपछि मुख्यमन्त्री अब को भन्ने परिस्थिति तयार भएको छ ।

**अस्थिरताले सुस्त विकास**

प्रदेश सरकारको पहिलो कार्यकालमा तीन वर्ष मुख्यमन्त्री भएका पोखरेलले दुरगामी महत्वका योजना र कार्यक्रम अघि बढाए । पाँच वर्षे आवधिक योजना तयार भयो । प्रदेश गौरवका आयोजना अघि बढाउँदै प्रादेशिक विकासको मनोविज्ञान खडा गर्न सफल भए । त्यसपछिको अस्थिरताले विकासको गति सुस्त छ । छिटो-छिटो राजनैतिक नेतृत्व फेरिदा आवधिक योजनाअनुसार बजेट विनियोजन गर्दै प्रादेशिक विकासको मोडल तयार गर्ने अवसर प्रदेश सरकारले गुमाएको छ ।

योजना छनौट र बजेट कार्यान्वयनमा समस्या भएको छ । राजनैतिक नेतृत्व अस्थिर बन्दा सरकारको स्थायी संरचना मानिने कर्मचारी प्रशासन ढुक्कले काम गर्न सकिरहेको छैन । एउटा राजनैतिक नेतृत्वले अघि बढाएको काम अर्को आउने बित्तिकै रोक्ने र उल्टाउने प्रवृत्तिले कतिपय राम्रा र नतिजा दिने काम अघि बढ्न सकेनन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकृतका भनाइमा, कर्मचारीमा सरकार कतिखेर फेरिन्छ भन्ने मनोविज्ञान तयार भएको छ, जसले कर्मचारी कामप्रति उत्साही छैनन् ।

तत्कालीन मुख्यमन्त्री पोखरेलले अघि बढाएको मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सीमान्तकृत र विपन्न समुदाय माझ लोकप्रिय थियो । स्थानीय तहसँगको सहकार्यमा अघि बढेको सीमान्तकृत र विपन्न समुदायलाई सीप सिकाउने र उद्यमशिल बनाउने कार्यक्रम नतिजामुखी थियो । सरोकारवालासँगै बसेर पालिकाले योजना छनौट गर्थ्यो र कार्यान्वयनका लागि मुख्यमन्त्री कार्यालयले सहजीकरण गर्दथ्यो । आर्थिक वर्ष २०७५/०७६ मा प्रदेशका ३५ पालिकामा १७ करोड रुपैयाँ विनियोजन गरी सुरु भएको यो कार्यक्रम आब ०७७/०७८ मा आइपुग्दा ७४ करोड रुपैयाँ विनियोजन गरी प्रदेशका सबै पालिकामा विस्तार भएको थियो । प्रदेश समन्वय परिषद्को बैठकमा पालिका प्रमुखहरुले कार्यक्रम प्रभावकारी भएको भन्दै बजेट बढाउन माग गरेका थिए ।

पोखरेलपछि मुख्यमन्त्री भएका केसीले विपन्न समुदायको जीवनस्तर उकास्न राम्रो ठानिएको यो कार्यक्रम खारेज गरेर अर्कै कार्यक्रम अघि सारे । पोखरेलले अघि सारेका प्रदेश गौरवका आयोजना रामपुर-कपुरकोट सडक, लुम्बिनी प्रादेशिक अस्पतालको पूर्वाधार विकास, बृहत्तर रूरू क्षेत्र विकास कार्यक्रम, एक घर-एक धारा कार्यक्रम जस्ता समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र दुरगामी महत्वका दर्जन आयोजना ओझेलमा परे ।

प्रादेशिक विकासको मोडल स्थापित गर्ने र नागरिकले प्रत्यक्ष लाभ पाउने ती महत्वपूर्ण आयोजनाका लागि राजनैतिक पूर्वाग्रह राखेर न्यून बजेट विनियोजन भयो । ठूला आयोजनाको लागि न्यून बजेट विनियोजन हुँदा 'हात्तीको मुखमा जिरा' भनेझैं भयो ।

एमालेको समर्थनमा माओवादीका महरा मुख्यमन्त्री भएपछि आब २०८१/०८२ मा लुम्बिनी प्रादेशिक अस्पतालको पूर्वाधार विकासका लागि १ अर्ब ८० करोड रुपैयाँ विनियोजन भएको छ । एक घर–एक धारा कार्यक्रमलाई नतिजामुखी ढंगले कार्यान्वयन गर्ने गरी ८० प्रतिशत काम सकिएका १ सय ६८ खानेपानी आयोजनाका लागि १ अर्ब ३० करोड रुपैयाँ विनियोजन भएको छ ।

लुम्बिनी प्रदेशसभा एमाले संसदीय दलका नेता एंव पूर्व मुख्यमन्त्री गिरी नागरिकले प्रत्यक्ष विकासको लाभ पाउने आयोजना अघि बढाउन पूर्वाग्रह राख्नु गलत भएको बताउँछन् । 'अहिले सरकारले ती महत्वपूर्ण आयोजना अघि बढाउन प्राथमिकता दिएको छ ।'-उनले भने ।

**कानुन नबन्दा भद्रगोल प्रशासन**

राजनैतिक अस्थिरताले गर्दा संघीयता कार्यान्वयनका लागि बन्नुपर्ने महत्वपूर्ण कानुन बन्न सकेनन् । स्थायी सत्ता मानिने कर्मचारी प्रशासनको व्यवस्थापन नहुँदा प्रदेश सरकारलाई काम गर्न कठिन भइरहेको छ । संविधानमा प्रदेशमा प्रहरी परिचालन प्रदेशको एकल अधिकारको सूचीमा छ । शान्ति सुरक्षा जस्तो संवेदनशील विषयमा संघीय सरकार गम्भीर नबन्दा संविधानले दिएको अधिकार प्रदेशले प्रयोग गर्न पाएको छैन । लुम्बिनी प्रदेशले प्रहरी ऐन बनाइसकेको छ ।

तर संघीय प्रहरी ऐन नबन्दा प्रदेशको प्रहरी ऐन निष्कृय छ । संघीय प्रहरी ऐन बन्दा मात्रै प्रहरी समायोजनको बाटो खुल्छ । प्रहरी समायोजन नहुँदा प्रदेशको गृह प्रशासन सम्हालेको आन्तरिक मामिला, सञ्चार तथा कानुन मन्त्रालय बाटो बिराएको बटुवाझैं अलमलमा परेको छ ।

संघीय निजामती ऐन नबन्दा प्रदेश निजामती ऐन कार्यान्वयनको ढोका खुलेको छैन । संघीय निजामती ऐन निर्माणका लागि विधेयक संसदमा पुगेर अड्केको छ । विधेयक छिटो पारित गरी ऐन बन्दा मात्रै प्रदेश निजामती ऐन कार्यान्वयन हुन सक्छ । संघीय निजामती ऐन नबन्दा निजामती प्रशासनको मनोबल गिरेको छ । लुम्बिनी प्रदेशमा निजामती कर्मचारीको कुल दरबन्दी ३ हजार ९ सय ३९ मध्ये १ हजार ९ सय ४० कार्यरत छन् । यो संख्या दरबन्दीको ४९ प्रतिशत मात्रै हो । प्रदेश सरकारको कामकाज अस्तव्यस्त हुनुको एउटा कारण दरबन्दी अनुसार कर्मचारी नहुनु पनि हो । कानून नभएकाले समायोजनबाट प्रदेशमा आएका र कामकाजका लागि संघबाट खटिएका कर्मचारी उत्साहित भइ काममा खट्न सकेका छैनन् ।

लुम्बिनी प्रदेशका पूर्व प्रमुख सचिव डा. तीर्थ ढकालका भनाइमा, प्रदेशको काम चुस्त ढंगले अघि बढाउन दरबन्दी अनुसार कर्मचारी पूर्ति पहिलो शर्त हो । कर्मचारी अभावले सरकारको समग्र काममा असर गरेको छ ।

संविधानविद् डा. काशीराज दाहाल केन्द्रीकृत मानसिकताले संघीयता कार्यान्वयन असहज बनेको बताउँछन् । डा. दाहालको भनाइमा, संघीयता कार्यान्वयनमा इमान्दार प्रयास भएको भए अहिलेसम्म प्रदेश संरचना चल्नका लागि महत्वपूर्ण कानुन बनिसक्थे । 'केन्द्रीकृत मानसिकता हावी हुँदा संविधानमा व्यवस्था भएका अधिकार र जिम्मेवारी प्रदेशलाई दिइएको छैन । त्यसपछि प्रदेशले काम गर्न सकेनन् भन्ने मनोविज्ञान तयार गरिएको छ ।'-उनले भने ।

**एक जनाको...**

**प्रदेशका मन्त्रालय डुबानमा**

लुम्बिनी प्रदेशको राजधानी मौरीघाट डुबानमा परेको छ । अविरल वर्षाका कारण बाढी आउँदा राप्ती गाउँपालिकाको मौरीघाटमा रहेका प्रदेश सरकारका मन्त्रालयहरू डुबानमा परेका छन् ।लुम्बिनी प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनमगरका अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय डुबानमा परेका छन् ।

दुई वटा मन्त्रालयमा एक फिटसम्म पानी पसेको पुनले बताए । केही भवनमा निर्माणको काम भइरहेको र नालीभन्दा मन्त्रालयका भवनहरू तल हुँदा डुबानमा परेको उनको भनाइ छ । राजधानी स्थापना भएपछि त्यहाँ बनेका अन्य संरचनाहरूमा पानीको सहज निकाश छैन, जसले गर्दा समस्या आइरहेको छ ।

**प्यूठानको...**

स्थानीय बजारसँगै मुख्य गरी बुटवल, पोखरा, काठमाडौं र भारतको दिल्लीसम्म बजार पाएको श्रेष्ठको भनाइ छ । 'उत्पादनको ५० प्रतिशतभन्दा बढी जिल्लामा खपत हुने गरेको छ,' श्रेष्ठले भने-'यहाँका कर्मचारीहरुले पनि थुप्रै अर्डर गरेर लैजाने गर्नु हुन्छ ।' उत्पादित सामानको बजारीकरणलाई खासै समस्या छैन नभएको बताउँदै अन्य ठाउँको भन्दा आफ्नो फर्ममा उत्पादित ड्रागन फल स्वादिष्ट भएकोले बाहिरबाट धेरै माग भइरहेको उनको भनाइ छ । विश्वमा १ सय ५२ प्रजातिको ड्रागन फलको खेती हुँदै आएकोमा नेपालमा तीन प्रजातिको मात्र ड्रागन फलको खेती हुँदै आएको छ । रातो, सेतो र पहेंलो मध्ये इशान एग्रो फार्ममा अहिले रातो र सेतो ड्रागन फलको उत्पादन हुँदै आएको छ । खर्च कटाएर वार्षिक झण्डै ३० लाख रुपैयाँ आम्दानी हुने गरेको सञ्चालक श्रेष्ठले जानकारी गराए ।

**६ जनाले पाए रोजगारी**

इशान एग्रोमा नियमित मासिक तलब पाउने गरी ६ जना व्यक्तिले रोजगारी पाएका छन् । यस बाहेक समय-सयमा गोडमेल तथा मलजल गर्दा थप १० जनालाई आंशिक रोजगारी दिने गरेको फर्मका व्यवस्थापक गुरुङले बताए ।

वर्षमा ४ पटकसम्म गोडमेल तथा मलजल गर्नु पर्ने उनको भनाइ छ । धान र गहुँ उत्पादन गरेर मात्र आम्दानी गर्न नसकिने बताउँदै व्यवसायिक उत्पादनलाई जोड दिनु पर्ने बताउँछन् । ति कर्मचारीसँगै आफू पनि दिनैभर फर्ममा काम गर्ने गरेको उनी बताउँछन् । 'बिहान उज्यालो भएदेखि बेलुका रात परुञ्जेल ड्रागमका बिरुवासँगै रमाउने गर्छु,' लोकबहादुर गुरुङले भने- 'हामीले सौँचेकोभन्दा बढी सन्तुष्टि पाएका छौं ।'

सुरुमा सिजनमा टिपेर बजार लगेपछि सहज रुपमा बिक्री गर्न सकेको हुँदा झनै हौसला मिलेको उनले जनाए ।

**करिब दुई करोड लगानी**

कोरोनाले विश्वको अर्थतन्त्र थलिएको बेला हामीले ठूलै लगानी गर्दा व्यवसाय धराप पर्छ कि भन्ने सौँचेका थियौ तर, समय परिवर्तनसँगै सही ठाउँमा लगानी भएको श्रेष्ठले सुनाउँछन् । '४-५ वडा जिल्ला पुगेर राम्रो अध्ययन गरेपछि हामीले प्यूठानमै ड्रागन खेती गर्ने निधो गऱ्यौ,' उनले भने-'चितवन २४ सय र दाङबाट ६ सय बेर्ना लिएर सुरुवात गरेका थियौं ।' बाँकी आफ्नै फर्ममा उत्पादन गरेका बेर्ना लगायौं हाल भने ५ हजार बिरुवाले उत्पादन दिँदै आएको उनको भनाइ छ । उक्त फर्म विस्तार गर्दै लैजाँदा हालको लगानी करिब २ करोड पुग्न थालेको समेत उनले जानकारी दिए ।

ड्रागनसँगै ३ रोपनी जग्गामा अम्बा, ३ रोपनीमा मौसमी तथा बेमौसमी तरकारी र ड्रागनको बीच बीचमा कुरिलो समेत लगाएको उनले बताए । 'ठूलो मात्रामा ड्रागन लगाए पनि यससँगै व्यवसायिक तरकारी खेती तथा अन्य उत्पादनलाई पनि सुरु गरेका छौं,' श्रेष्ठ भन्छन्-'यो झिमरुक फाँटलाई व्यवसायिक उत्पादनमा लगियो भने धेरै कुरामा प्यूठान जिल्ला आत्मनिर्भर हुनेछ ।' बाहिरी जिल्लाको अवलोकन र युट्युबमार्फत् ड्रागन खेतीबारे ज्ञान लिएको सुनाउँदै सुरुको सिजनमा बोट सुक्ने रोग लागेर उत्पादन धेरै कम भएको उनले बताए । दोस्रो वर्षमा आइपुग्दा थप अध्ययन गरेर खेती गर्दा ८५ क्वीन्टल ड्रागन फल उत्पादन गर्न सफल भएको उनले जनाए । 'बिरुवा ल्याएको ठाउँमा दुई वर्षमा फल दिन सुरु गर्छ भनेको थियो, हामीले डेढ वर्षमै फलाउन सफल भयौं ।'-श्रेष्ठले भने । सामान्य २ सय देखि १२ सय ग्राम सम्मको फल उत्पादन भएको हास्दै उनले सुनाए ।

**निर्माण व्यवसायीसँगै कृषिमा जम्दै श्रेष्ठ**

२०६५ सालदेखि निर्माण व्यवसायमा लागेका श्रेष्ठ अन्ततः कृषि कर्ममा पनि जोडिए । हाल श्रेष्ठ निर्माण व्यवसायी संघ प्यूठानका अध्यक्ष समेत रहेका छन् ।

सानै उमेरदेखि व्यवसायिक रुपमा कृषि खेती गर्ने रुचि रहेको उनी सुनाउँछन् ।

कृषिकर्म काठमाडौंबाट सुरुवात गरे पनि आफ्नै गृह जिल्ला प्यूठान आएपछि उनलाई व्यवसायिक सफलता मिलेको छ । इशान कन्ट्रक्सनमार्फत् निर्माण कार्यमा पनि सक्रिय रहेका उनीले दुबैतर्फको सफलता हात पारेका छन् । प्यूठान जिल्लासँगै बाहिरी जिल्लामा पनि काम गर्दै आएको श्रेष्ठले बताउँछन् ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०३/२२ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४४,८००
तेजावी सुन प्रति तोला : १,४४,२००
चांदी प्रति तोला :१,९००

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**जलमग्न घोराहीः**
अविरल वर्षाका कारण शनिबार जलमग्न बनेको दाङको घोराही उपमहानगरपालिका क्षेत्रका खोला तथा खेत। तस्विर : कुलदीप न्यौपाने/रासस

# बुद्धनगरमा जग्गा स्वामित्व विवाद




**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देहीको बुटवल उप-महानगरपालिका-११ बुद्धनगरमा बसोबास गर्दै आइरहेका परिवारलाई जग्गाको मालिक भन्दै २० वर्षपछि व्यक्तिहरु बाहिर आउँदा स्वामित्व विवाद बाहिर आएको छ।

बुद्धनगरमा अव्यवस्थित बसोबास गर्दै आएका १ हजार ३२० घरधुरी परिवार समस्यामा परेको र आफूहरुलाई भूमाफियाले विस्थापित गराउन खोजेको भन्दै सहयोगको माग गरेका छन्।

आफूहरु उक्त स्थानमा २२ वर्षौंदेखि बस्दै आएको भन्दै त्यहाँका स्थानीय १३२० घरधुरीले आफूहरुले भोग गर्दै आएको जग्गामा आफूहरुकै अधिकार हुने भन्दै 'भूमाफिया'बाट आफ्नो जग्गाको रक्षा गरिदिन सञ्चारकर्मीहरुसँग गुहार मागेका हुन्।

उनीहरुले बुटवलमा पत्रकार सम्मेलन गरी सोझा जनतालाई लालपुर्जा दिन्छु भनेर केहीले पैसा उठाउने र खाने गरेको र लालपुर्जाको लोभ देखाउँदै अहिले केही भूमाफियाले आफूहरुलाई विस्थापित गराउन खोजेको भन्दै न्याय दिनुपर्ने माग गरेका हुन्।

स्थानीय दुर्गा एकता टोल विकास संस्था, बुद्धटोल विकास संस्था, शिवालय टोल विकास संस्था, अक्लापुरी टोल विकास संस्था र जागरण टोल विकास संस्थाका नागरिकले वास्तविकता बाहिर ल्याएर भूमाफियाबाट आफूहरुलाई जोगाउन माग गरेका हुन्।

पत्रकार सम्मेलनमा दुर्गा एकता टोल विकास संस्थाका अध्यक्ष देवी पौडेलले २०५९ साल माघ २८ गतेदेखि अव्यवस्थित रुपमा करिब १३ सय २० घरधुरी हकभोग गरी उक्त स्थानमा घर बनाई बस्दै आएकालाई विस्थापित गर्न खोजिएको बताइन। उनले बुटवल ११ को साविक नक्सा सिट नं. बुटवल ९-ग कित्ता नं १५७/१५८/१५९/१६० र १७१ को जग्गा २०३८ सालको बाढीपश्चात् खालि रहेको र उक्त जग्गामा आफूहरु बस्दै आएको बताइन्।

# रूपन्देही सुनचाँदी व्यवसायी संघद्वारा निर्वाचित पदाधीकारीलाई सम्मान



बुटवल। नेपाल सुनचाँदी व्यवसायी महासंघको चौथो महाधिवेशन तथा लुम्बिनी प्रदेशको दोस्रो अधिवेशनबाट निर्वाचित पदाधीकारीलाई बुटवलमा सम्मान गरिएको छ।

रूपन्देही सुनचाँदी व्यवसायी संघको आयोजनामा केन्द्रीय सदस्य चेतनारायण विश्वकर्मा विष्णु, केन्द्रीय सदस्य दिपक विश्वकर्मा, प्रदेश उपाध्यक्ष हरिबहादुर सुनार र प्रदेश सदस्य प्रकाशमणि विश्वकर्मालाई बधाई एवम् सम्मान गरिएको हो।

रूपन्देही सुनचाँदी व्यवसायी संघका अध्यक्ष रामकिसन विश्वकर्माको अध्यक्षतामा भएको बधाई एवम् सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि रुपन्देही सुनचाँदी व्यवसायी संघका संस्थापक अध्यक्ष एवम् सुनचाँदी व्यवसायी महासंघका निवर्तमान विज्ञ परामर्श समितिका संयोजक प्रेमकुमार सेञ्चुरीले अहिलेको नयाँ नेतृत्वलाई सफल कार्यकलालको शुभकामना दिँदै व्यवसायीको हकहितमा काम गर्न अनुरोध गरे।

उनले अहिलेको परिस्थितिमा महासंघमा भएका विभिन्न विवाद र अवरोधलाई नयाँ कार्यसमितिले सरकार समक्ष आफ्ना माग सम्बोधन गराउने गरी काम गर्नु अहिलेको प्राथमिकता भएको बताए।

विशिष्ट अतिथि निवर्तमान केन्द्रीय उपाध्यक्ष जोगलाल विश्वकर्माले सुनको बढ्दो मूल्य वृद्धि र आर्थिक मन्दीका कारण सुनचाँदी व्यवसायी असहज अवस्थाबाट गुज्रिरहेको हुनाले अबको समितिले प्रमुखताका साथ सुनचाँदी व्यवसायीहरुको समस्या निराकरणका लागि लाग्नुपर्ने जनाए। साथै उनले हाल सरकारले उपलब्ध गराउँदै आएको सुनले बजारको माग धान्न नसकेको भन्दै सुनको आयात बढाउन माग गरे।

कार्यक्रममा नवनिर्वाचित केन्द्रीय सदस्य चेतनारायण विश्वकर्मा विष्णु, केन्द्रीय सदस्य दिपक विश्वकर्मा, प्रदेश उपाध्यक्ष हरिबहादुर सुनारलगायतले सम्मानप्रति धन्यवाद ज्ञापन गर्दै आफूहरुले पाएको जिम्मेवारी सफलता पूर्वक निर्वाह गर्ने उल्लेख गरे।

साथै प्रजातान्त्रिक पद्धतीमा निर्वाचन प्रक्रियामा हार र जित हुनु स्वभाविक रहेको बताउँदै अब भने सम्पूर्ण सुनचाँदी व्यवसायीको हकहित र समस्या समाधानको लागि यस क्षेत्रको प्रतिनिधित्व गर्दै काम गर्ने उनीहरुले बताए।

कार्यक्रममा संघका सल्लाहकार तेजप्रसाद सुनार, महासंघका पूर्व केन्द्रीय सदस्य एमबी विश्वकर्मा, बुटवल सुनचाँदी महिला समितिका अध्यक्ष किरण विश्वकर्मालगायतले सफल कार्यकालको सुभकामना व्यक्त गर्दै सहज रुपमा व्यवसाय गर्ने वातावरण बनाउन महासंघले पहल गर्ने अपेक्षा व्यक्त गरे।

कार्यक्रम संघका प्रथम उपाध्यक्ष किशोरकुमार सुनारको स्वागत संघका प्रवक्ता रेवन्त विश्वकर्माको धन्यवाद ज्ञापन एवम् महासचिव सीताराम रसाइलीको सञ्चालनमा सम्पन्न भएको हो।





ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com